# मादी गाउँपालिका
# स्थानीय राजपत्र

## मादी गाउँपालिकाद्वारा प्रकाशित

**खण्ड ३ संख्या १४ फागुन १६ गते, २०७६ साल**

## भाग २

**स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) बमोजिम मादी गाउँ कार्यपालिकाले जारी गरेको कार्यविधि सर्वसाधरणको जानकारीको लागि प्रकाशन गरिएको छ।**

# संवत् २०७६ सालको कार्यविधि नं. १४

## मादी जन्मभूमि पुरस्कार वितरण कार्यविधि, २०७६

मादी गाउँपालिकाको विभिन्न क्षेत्रमा उल्लेखनीय योगदान पुऱ्याउने व्यक्ति वा संस्थालाई गाउँपालिकाको तर्फबाट सम्मान गर्न मादी जन्मभूमि पुरस्कार स्थापना गरी प्रदान गर्ने व्यवस्थाको लागि मादी गाउँ कार्यपालिकाले यो कार्यविधि बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ :** (१) यस कार्यविधिको नाम “मादी जन्मभूमि पुरस्कार वितरण कार्यविधि, २०७६” रहेको छ ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा, यस कार्यविधिमा-

(क) “कार्यविधि” भन्नाले मादी जन्मभूमि पुरस्कार कार्यविधि, २०७६ सम्झनु

मादी गाउँपालिका कास्की

पर्छ ।

(ख) "पुरस्कार" भन्नाले गाउँपालिका प्रतिभा पुरस्कार सम्झनु पर्छ ।

३. **पुरस्कारको वर्गीकरणः** (१) भाषा र साहित्य, कला र संस्कृति, नाट्य संङ्गीत तथा ललितकला, कृषि, पशुपालन, उद्योग, वाणिज्य, शिक्षा, खेलकुद, सार्वजनिक सेवा र सामाजिक सेवा मूल विधा कायम गरी प्रत्येक मूल विधामा एक-एकजना प्रतिभावान व्यक्तिलाई मादी जन्मभूमि पुरस्कारबाट सम्मान गरिनेछ । प्रतिभा पुरस्कारका लागि तोकिएको मूल विधा र क्षेत्र देहाय बमोजिम हुनेछन् :-

**मूल विधा क्षेत्र**

(क) भाषा, साहित्य एवं संस्कृति संरक्षण

(ख) शिक्षा, स्वास्थ्य, विज्ञान र प्रविधि

(ग) कला संगीत र नाट्य

(घ) वन तथा बातावरण संरक्षण र प्रकोप व्यवस्थापन

(ङ) सार्वजनिक तथा सामाजिक सेवा

(च) खेलकुद

(छ) कृषि तथा पशुपालन

(ज) उद्योग तथा बाणिज्य

(२) उपदफा (१) बमोजिमका विधासम्बन्धी विस्तृत विवरण अनुसूची-१ मा उल्लेख भए बमोजिम हुनेछन् ।

**४. प्रतिभा छनौटका आधार :**

(१) मादी जन्मभूमि पुरस्कार प्राप्त गर्ने व्यक्ति मादी गाउँपालिकाको स्थायी बासिन्दा भएको हुनुपर्नेछ र कम्तीमा पाँच वर्ष देखि अनवरत रुपमा सम्बन्धित मूल विधाको क्षेत्रमा उल्लेखनीय योगदान पुऱ्याएको हुनुपर्नेछ,

(२) मादी गाउँपालिकाको समृद्धि हासिल गर्नमा उल्लेखनीय योगदान गरी गाउँपालिकाको इज्जत, गौरव, प्रतिष्ठा बढाउने कार्य गरेको भएमा उपदफा (१) मा उल्लेख भएका समयावधिभन्दा कम भएको भएतापनि प्रदान गर्न कुनै बाधा पर्ने छैन ।

(३) मादी जन्मभूमि पुरस्कारको राशी प्रत्येक विद्यामा दश/दश हजार रुपैयाँ नगद पुरस्कार गाउँपालिकाको लोगो अंकित भएको ट्रफी र सम्मान पत्र हुनेछ ।

(४) प्रतिभाहरूको छनौट गर्दा नेपालको जुनसुकै भागमा बसेर आफ्नो साधना र मौलिक सिर्जनाको माध्यमबाट मादी गाउँपालिकाको वृद्धि र समृद्धिका लागि राष्ट्रिय, अन्तर्राष्ट्रिय स्तरसम्म योगदान पुऱ्याएको र ओझेलमा परेका प्रतिभालाई प्रोत्साहन हुने गरी प्रतिभा छनौट गरिनेछ । प्रतिभाहरूको छनौट

मादी गाउँपालिका, कास्की

गर्दा समाबेशीताका साथै पिछडिएको क्षेत्र, समुदाय, वर्ग आदिलाई प्राथमिकता दिइनेछ । प्रतिभाहरूको छनौट देहाय वमोजिमको आधारमा गरिनेछ

(क) मादी गाउँपालिकाको विकासमा उल्लेखनीय योगदान गरेको र सोको पुष्ट्याई खुलेको,

(ख) मूल्याङ्कन विधी कार्यविधिको परिधीभित्र रही प्रतिभा छनौट समिति तथा कार्यपालिका आफैले तयार गर्नेछ ।

(ग) मादी जन्मभूमि पुरस्कारबाट पुरस्कृत हुने प्रतिभा छनौट गर्दा सम्बन्धित पालिकाको भौगोलिक क्षेत्रमा विशेष योगदान पुर्‍याएको तथा सम्बन्धित विधामा लामो समय योगदान गरेको स्रस्टाहरुलाई प्राथमिकता दिईने छ ।

(६) पुरस्कार प्राप्त प्रतिभाहरूको व्यक्तिगत विवरण पालिकाबाट प्रकाशित हुने पुस्तिकामा समावेश गरिनेछ ।

**५ प्रतिभा छनौट समितिः** (१) मादी जन्मभूमि पुरस्कारको मूल्यांकनको लागि कार्यपालिकाले देहायबमोजिमका समितिहरु गठन गर्नेछः-

| | |
|---|---|
| (क) गाउँपालिकाका अध्यक्ष | संयोजक |
| (ख) गाउँपालिका उपाध्यक्ष | सदस्य |
| (ग) वडा अध्यक्ष मध्येबाट कार्यपालिकाले तोकेको एक जना | सदस्य |
| (घ) कार्यपालिका सदस्यहरुबाट (कम्तीमा १ जना महिला) | सदस्य |
| (ग) प्रमुख प्रशासकीय अधिकृत | सदस्य-सचिव |

(२) उपदफा (१) बमोजिमको समितिको बैठकमा सम्बन्धित क्षेत्रको विज्ञ तथा विधागत मुल्यांकन समितिका सदस्यहरु मध्ये केही वा सवै लाई आमन्त्रण गर्न सकिनेछ ।

**स्पष्टीकरण :** यस कार्यविधिको दफा ५ को प्रयोजनका लागि “विज्ञ” भन्नाले सम्बन्धित विधामा कम्तीमा सात वर्ष योगदान पुर्‍याएको व्यक्ति संझनु पर्नेछ ।

**६. मापदण्डको आधारमा निर्णय गर्नेः** मूल विधा अन्तर्गत गठित प्रतिभा छनौट समितिहरूले अनुसूची-२ बमोजिमको फाराममा उल्लेखित मापदण्डको आधारमा गरेको सिफारिसलाई आधार मानी निर्णायक समितिले पुरस्कार प्राप्त गर्ने प्रतिभाहरूको अन्तिम चयन गर्नेछ ।

**७. विविध :**

१) यस कार्यविधि हुनु जारी हुनु भन्दा अगाडि भए गरेका सम्पूर्ण काम कारवाही यसै कार्यविधि वमोजिम भएको मानिने छ ।

२) संशोधन तथा खारेजी : यो कार्यविधिको संशोधन वा कुनै दफा खारेजी गर्नु परेमा गाउँ कार्यपालिकालाई पूर्ण अधिकार हुनेछ ।

मादी गाउँपालिका, कास्की

## अनुसूची - १
## दफा ३ को (१) सँग सम्बन्धित

(क) भाषा, साहित्य एवं संस्कृति संरक्षण

१. काव्य : कविता, महाकाव्य, खण्डकाव्य, फुटकर कविता आदि ।

२. आख्यान : कथा, उपन्यास आदि ।

३. निबन्ध : आत्मपरक, वस्तुपरक, नियात्रा, संस्मरण, हास्यव्यङ्ग आदि ।

४. नाटक : पूर्णाङ्की, एकाङ्की, आदि ।

५. समालोचना ।

६. भाषिक अध्ययन अनुसन्धान ।

१. संस्कृति : बहुभाषिक, बहुसांस्कृतिक, धर्म निरपेक्ष संस्कृति भएको यस मुलुकको कुनै पनि जातजातिका संस्कृतिमा नयाँ नयाँ पक्षहरू, यसको संगमस्थल, भौगोलिक र वातावरणीय कारणहरू नयाँ आयाम, ज्ञानको वृद्धि, पुरानोमा सर्वमान्य नयाँ ढंगको प्रस्तुतिकरण, नेपाल र नेपाली संस्कृतिलाई स्वदेश वा विदेशमा प्रचार प्रसार गरी राष्ट्रको हित गरेको, धर्म संस्कृतिको संरक्षणमा योगदान पुर्‍याउंदै आएको, मूर्त वा अमूर्त संस्कृति र धरोहरहरूको संरक्षणमा मौलिक प्रविधि वा सिद्धान्त खोजी गरी नेपाल वा विश्व समक्ष प्रस्तुत गरेको वा गर्न प्रयासरत वा अनुसन्धान, संरक्षण र प्रकाशनको प्रचार प्रसार गर्ने ब्यक्ति । उल्लिखित विधामध्ये कुनै पनि विधामा अनवरत समर्पित एवं साधनारत रही सृजनात्मक मौलिकता स्थापित गरेका र त्यस्ता मौलिक प्रभावपूर्ण हृदयस्पर्शी रचनाहरूको माध्यमद्वारा स्वदेश वा विदेशमा उल्लेख्य प्रतिष्ठा प्राप्त गरेका विशिष्ट प्रतिभाशाली स्रष्टाहरू एवं प्रतिभाहरू ।

२. पुरातत्व : पुरातत्वको क्षेत्रमा खोज, अनुसन्धान, अन्वेषण गरी नयाँ नयाँ योगदान दिने, सम्पदा र प्रमाणहरूको संरक्षण तथा सम्बर्द्धन गर्ने, तिनीहरूको व्याख्या गर्ने, पुरातात्विक स्थलहरू पत्ता लगाउने र त्यसलाई देश तथा विदेशमा प्रचार प्रसार गरी राष्ट्रको श्रीवृद्धिमा लागेका देशमा पुरातात्विक स्थलहरूको विस्तृत विवरण दिन खोज्ने वा सो कार्यमा महत्वपूर्ण योगदान दिंदै भावी सन्ततिलाई बाटो पहिल्याई दिने व्यक्ति वा संस्था ।

३. इतिहास : इतिहासमा महत्वपूर्ण योगदान दिने व्यक्तित्वहरू जसले अप्रकाशित अभिलेख, दस्तावेज आदि प्रकाशन गर्ने र सो आधारमा नेपालको इतिहाँसमा नयाँ नयाँ आयामहरूको बारे जानकारी गराउने, पत्ता लगाउने, प्रकाशित गर्ने र प्रकाशित अभिलेख एवं दस्तावेजहरूको सम्बन्धित क्षेत्रका विद्वानहरूलाई चित्त बुझ्दो मान्य व्याख्या प्रस्तुत गर्ने र सो सम्बन्धमा महत्वपूर्ण योगदान दिने व्यक्ति वा संस्था ।

४. समाजशास्त्र/मानवशास्त्र : समाजशास्त्र र मानवशास्त्रका क्षेत्रमा महत्वपूर्ण

योगदान दिने व्यक्तित्वहरू जसले नेपाली समाजमा नयाँ नयाँ आयामहरूको बारे जानकारी गराउने, पत्ता लगाउने, प्रकाशित गर्ने र प्रकाशित अभिलेख एवं दस्तावेजहरूको सम्बन्धित क्षेत्रका विद्वाहरूलाई चित्त बुझ्दो मान्य व्याख्या प्रस्तुत गर्ने र सो सम्बन्धमा महत्वपूर्ण योगदान दिने व्यक्ति वा संस्था ।

**(ख) शिक्षा, स्वास्थ्य, विज्ञान प्रविधि**

(१) शिक्षा : पालिका भित्रका उत्कृष्ठ शैक्षिक उपलब्धी हाँसिल गर्न योगदान गरेको ।

(२) स्वास्थ्य : गाउँपालिकाको स्वास्थ्य क्षेत्रमा अतुलनीय योगदान दिने व्यक्तिहरु

(३) विज्ञान र प्रविधि: विज्ञान प्रविधि क्षेत्रमा नयाँ नयाँ खोज, अन्वेषण तथा अनुसन्धान गरेको ।

**(ग) कला, सङ्गीत र नाट्य :**

१. नाट्यकला : नाटक, हास्यव्यङ्ग्य, मूकनाटक, गायन, वाद्यवादन, अभिनय आदि विधामा उत्कृष्टता हासिल गरेका अभिनेता, अभिनेत्री, रङ्गकर्मी, नाटक निर्देशन गरेको व्यक्ति वा संस्था ।

२. नृत्यकला : नृत्य, नृत्य निर्देशक एवं कोरियोग्राफर आदि क्षेत्रमा योगदान गरेको व्यक्ति वा संस्था ।

३. संगीतकला : गायक, गायिका,सङ्गीत सृजना गर्ने सङ्गीतकार, वाद्यवादक क्षेत्रमा योगदान गरेको व्यक्ति वा संस्था । सङ्गीत शब्दले शास्त्रीय, परम्परागत, लोक र आधुनिक सङ्गीत, गायन, वादन लाई समेट्नेछ ।

४. कलाकारिता: भिडियो, चलचित्र, डकुमेन्ट्री, लेख, निर्माण, निर्देशन, अभिनय, प्रस्तुति आदि ।

५. ललितकला :
मूर्तिकला : यस विधामा अनवरत, उत्कृष्ट एवं सह्रानीय कार्य गरी राष्ट्रको गौरव बढाउने गरी जुनसुकै माध्यम (धातु, काठ, प्लाष्टर अफ पेरिस, माटो, सिमन्ट आदि) मा कार्य गर्ने प्रतिभा सम्पन्न मूर्तिकार ।

६. चित्रकला : यस विधामा आधुनिक अथवा परम्परागत जुनसुकै शैलीमा अनवरत कार्य गरी राष्ट्रको गौरव बढाउने जुनसुकै माध्यम (पौभा, थांका, तेलरंग, पानीरंग, चारकोल मुद्रण चित्रण, मिश्रित माध्यम आदि) मा कार्य गर्ने प्रतिभा सम्पन्न चित्रकार ।

७. वास्तुकला, हस्तकला, शिल्पकला, लोककला : यस विधामा धातु ढुंगा, काँच, माटो, काठ, कपडा, कागज, छ्वाली, हाड अथवा कलाकर्मीले स्वयं खोज गरी हातबाट तयार गरिने हस्तकलाका सामाग्री आकर्षक एवं अद्बितीय ढंगबाट निर्माण गर्ने प्रतिभा सम्पन्न कलाकर्मी र नेपालको ऐतिहासिक वास्तुकलाको संरक्षण र प्रवर्द्धनमा साधनारत वास्तुकलाको क्षेत्रमा ख्यातिप्राप्त प्रतिभाहरू ।

८. काष्ठकला:- काठबाट विभिन्न आकृतिका घरको झ्याल, ढोका, बुट्टा, मानुरको

टाल तथा बृद्धि कलाकृति तथा सामाग्रीहरु बनाउने उत्कृष्टशिल कालीगढ,

९. प्रतिस्थापन कला : ललितकलाको क्षेत्रमा नयाँ नयाँ विकास र प्रस्तुति गर्ने प्रतिभा ।

१०. अन्य सृजनात्मक कला : कला फोटोग्राफी र कला भिडियोग्राफी आदि ।

**घ) वन तथा बातावरण संरक्षण र प्रकोप व्यवस्थापन :** वन तथा वातावरण संरक्षण सम्बन्धी कार्यमा महत्वपूर्ण एवम् उल्लेखनीय कार्य गरी मादीको ख्याति बढाएको, दिगो विकास सम्बन्धी कार्य गरेको, दैवी प्रकोप व्यवस्थापनमा उल्लेखनीय कार्य गरेको, विपत्तीको समयमा ज्यानको समेत प्रवाह नगरी खोज, उद्धार, राहत तथा पुनर्स्थापना जस्ता क्रियाकलापहरुमा महत्वपूर्ण र उदाहरणीय कार्य गरेको वा सेवा प्रदान गरेको ।

**ङ) सार्वजनिक तथा सामाजिक सेवा :** सार्वजनिक सेवाको क्षेत्रबाट राष्ट्र र समाजको लागि महत्वपूर्ण र विशिष्ट योगदान पुर्‍याउने राष्ट्र सेवक तथा सामाजिक कार्यकर्तालाई निजले गरेको समाजसेवा मार्फत उदाहरणीय कार्य गरेको वा सेवा प्रदान गरेको ।

**च) खेलकुद :** खेलकुदका विभिन्न विधा मध्ये कुनै एक वा बढी क्षेत्रमा राष्ट्रिय वा अन्तराष्ट्रिय पदक प्राप्त गरी मादीको गौरव बढाउने कार्य गरेको वा खेल क्षेत्रबाट विशिष्ट योगदान पुर्‍याएको ।

**छ) कृषि तथा पशुपालन**

गाउँपालिका भित्र कृषि तथा पशुपालन व्यवसाय गरी स्वरोजगार भई दैनिक जिवनयापन गर्ने तथा कृषि तथा पशुपालनको क्षेत्रमा रोजगारीका अवसहरु सृजना गरेका किसान तथा फर्महरु

**ज) उद्योग तथा वाणिज्य :**

क) उद्योग र वाणिज्यको क्षेत्रबाट गाउँपालिकालाई चिनाउने कार्य गरेको ।

ख) औद्योगिक ग्राम स्थापना महत्वपूर्ण भूमिका निर्वाह गरेको ।

ग) रोजगारी सृजना गर्नमा महत्वपूर्ण योगदान गरेको ।

घ) औद्योगिक उत्पादनको माध्यमबाट समुन्नत राष्ट्र निर्माणमा योगदान दिएको ।

ङ) व्यापार व्यवसायको क्षेत्रमा ख्याति प्राप्त गरेको ।

मादी गाउँपालिका, कास्की

## अनुसूची २
## दफा (६) सँग सम्बन्धित
## मादी जन्मभूमि पुरस्कारको लागि छनौट गर्ने फारामको ढाँचा

१. स्रस्टाको नाम, थर :....... सिफारिस गर्ने संस्था वा व्यक्तिको नाम/ ठेगाना .....उमेर :...... स्थायी ठेगाना : मादी गाउँपालिका वडा नं. .......................

फोटा

सर्म्पक ठेगाना :..........फोन/मोवाइ.......................ई-मेल :...................

२. मादी जन्मभूमि पुरस्कारको मूल विधा (सम्बन्धित विधामा (✓) चिन्ह लगाउने)

क) संस्कृति इतिहास, संस्कृति, पुरातत्व, समाजशास्त्र/मानवशास्त्र

ख) संगीत तथा नाट्य संगीत तथा नाट्य, नृत्य

ग) ललितकला चित्रकला, मूर्तिकला, वास्तुकला, हस्तकला, शिल्पकला

घ) साहित्य राष्ट्रभाषाहरुको काव्यकविता, आख्यान, निबन्ध, नाटक,समालोचना

(ङ) शिक्षा :

(च) स्वास्थ्य :

(छ) कृषि तथा पशुपालन :

३. सम्बन्धित प्रतिभाले सम्बन्धित विधामा दिएको योगदान :

| क्र.स | विवरण | योगदान | कैफियत |
|---|---|---|---|
| १ | सम्बन्धित क्षेत्रमा निरन्तरताको अवधि | | |
| २ | सम्बन्धित क्षेत्रमा राष्ट्रका लागि पुऱ्याएको योगदान (कृति प्रकाशन, कला नाटक प्रर्दशनी, अध्ययन अनुसन्धान आदि) | | |
| ३ | यस अघि प्राप्त राष्ट्रिय/अन्तर्राष्ट्रिय पुरस्कार, सम्मान आदि | | |
| ४ | शैक्षिक उपाधी | | |
| ५ | अन्य (असाधारण एवं विलक्षण प्रतिभा, विशिष्टता, व्यक्तित्व आदि) | | |

४. माथि उल्लेखित मापदण्ड एवं आधार बाहेक अन्य योगदान गरेको भए सो सम्बन्धी विवरणः ........................................................................

५. पुरस्कारको लागि सिफारिस गरिएको कृति/प्रतिभा/सिर्जनाको मूल विशेषता :

.............................................................................

मादी गाउँपालिका, कास्की

६. संलग्न कागजातहरू :.................................................................

क) नागरिकताको प्रमाण पत्रको फोटोकपी

नोट : अन्य केही भए छुट्टै पानामा उल्लेख गरी पेश गर्न सकिनेछ ।

सिफारिस गर्ने आधारहरु :

१. मादी गाउँपालिकाको स्थायी बासिन्दा हुनुपर्नेछ ।

२. गाउँपालिकाको गौरव वृद्धि गर्ने कार्यमा विशेष योगदान पुऱ्याएको,

३. कुनै शाहासी वा वुद्धिमतापूर्ण काम गरी सार्वजनिक हितको लागि विशेष योगदान पुऱ्याएको,

४. सरकारी सेवासँग सम्बन्धित व्यक्तिको हक आफुलाई तोकिएको काम प्रशंसनीय रुपमा सम्पादन गरेको,

५. विदेशी नागरिक भए मादी गाउँपालिकाको समुन्नति तथा अन्तराष्ट्रिय क्षेत्रमा मादीको सम्मान बढाउने कार्यमा विशेष योगदान पुऱ्याएको,

६. अन्य आधार पूरा गरेको गौरव तथा प्रतिष्ठा बढाउन योगदान पुऱ्याउने मादी गाउपालिका बासी,

७. शिक्षा, साहित्य, कला, विज्ञान, संस्कृति, सार्वजनिक प्रशासन लगायत सार्वजनिक, जीवनका विभिन्न क्षेत्रमा उत्कृष्ट कार्य गरी उल्लेखनीय योगदान पुऱ्याएको

८. वातावरण संरक्षण विज्ञान तथा प्रविधि शिक्षा तथा समाजिक सेवा, सूचना प्रविधी,

९. मादी गाउँपालिकामा जन्म वा मादी गाउँपालिकालाई मूल कार्यथलो बनाई बसोबास गरेको वा मादी गाउँपालिकाको विभिन्न क्षेत्र, भाषा, साहित्य, शिक्षा, संस्कृति, पर्यटन, उद्योग व्यवसाय, कला, संगीत, स्वास्थ्य, खेलकुद जस्ता क्षेत्रमा विशेष योगदान पुऱ्याएको ।

मादी गाउँपालिका, कास्की

आज्ञाले,

नारायण प्रसाद सापकोटा

प्रमुख प्रशासकीय अधिकृत